**आकाशवाणी समाचार- नेपाली**

मितिः ०३ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा भगवान बुद्ध सित संबंधित पवित्र पिपरहवा अवशेषहरुको भव्य अंतरर्राष्ट्रीय प्रदर्शनीको उदघाटन गर्नुहुनेछ।

- कैबिनेट सचिव टीवी सोमनाथनले प्रधानमंत्रीको सक्रिय शासन अनि समयबद्ध कार्यान्वयनको लागि बनाईएको प्रमुख पहल - प्रगति द्वारा परियोजनाहरु अनि प्रमुख कल्याणकारी योजनाहरुको कार्यान्वयनमा तिब्रता आएको बताउनुभएको छ।

- सरकारले वस्त्र उद्योगको लागि उत्पादन-आधारित प्रोत्साहन -पी.एल.आई. योजना अन्तर्गत नयाँ आवेदन जमा गर्ने अंतिम तिथि 31 मार्च 2026 सम्म बढ़ाएको छ।

- चुनाव आयोगले मतदाता सूचीमा अनियमितता अनि फर्जी नामहरू समावेश गरेको आरोपमा पश्चिम बंगालका पाँच अधिकारीहरू विरुद्ध कडा कारबाही गर्ने निर्देशन दिएको छ।

- मौसम विभागले देशको उत्तरी भागहरुमा ठण्डा अनि कुहिरोको प्रकोप जारी रहने बताएको छ।

**प्रधानमंत्री अवशेष**

प्रधानमंत्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा भगवान बुद्ध सित संबंधित पवित्र पिपरहवा अवशेषहरुको भव्य अंतरर्राष्ट्रीय प्रदर्शनीको उदघाटन गर्नुहुनेछ। प्रधानमंत्री कार्यालयले एक बयानमा भनेको छ कि पिपरहवा अवशेषहरु बारे बर्ष 1898 मा पत्तो लागेको थियो अनि प्रारंभिक बौद्ध धर्मको पुरातात्विक सर्वेक्षणमा यसको महत्वपूर्ण स्थान छ।

**कैबिनेट सचिव - प्रगति**

कैबिनेट सचिव टीवी सोमनाथनले भन्नुभएको छ कि प्रधानमंत्रीको सक्रिय शासन अनि समयबद्ध कार्यान्वयनको लागि बनाईएको प्रमुख पहल - प्रगति द्वारा परियोजनाहरु अनि प्रमुख कल्याणकारी योजनाहरुको कार्यान्वयनमा तिब्रता आएको छ। नयाँ दिल्लीमा प्रगतिको परिणामहरु बारे मीडियालाई संबोधित गर्दै श्री सोमनाथनले भन्नुभयो – अहिले सम्म प्रगतिको 50 बैठकहरु भैसकेको छ अनि यस अन्तर्गत 85 लाख करोड़ रुपियाँको तीन हजार तीन सय भन्दा अधिक परियोजनाहरुको समीक्षा गरिसकिएको छ। परियोजनाहरु बाहेक एक राष्ट्र एक राशन कार्ड अनि प्रधानमंत्री जन आरोग्य योजना लगायत 61 सरकारी योजनाहरुको पनि समीक्षा गरिएको उहाले बताउनुभयो। उहाले अझ भन्नुभयो- बर्ष 2015 मा प्रगति लागू भए पछि कोरोना, बैंकिंग अनि बीमा तथा जन धन योजना द्वारा संबंधित मुद्दाहरु सहित 36 विभिन्न प्रकारका शिकायतहरुको समीक्षा गरिएको छ। कैबिनेट सचिवले भन्नुभयो कि प्रगति कार्यक्रमले परियोजनाहरु सित संबंधित 7 हजार 735 मुद्दाहरु मद्धे 7 हजार 156 मुद्दाहरुको समाधान गर्नमा सहयोग गरेको छ। उहाले अझ भन्नुभयो कि प्रगतिले जम्मू-उधमपुर-श्रीनगर बारामूला रेल लिंक परियोजना अनि ब्रह्मपुत्र नदीमा बोगीबील रेल अनि सड़क पुल जस्ता महत्वपूर्ण परियोजनाहरु चालू गर्नमा सहायता गरेको छ। दिसंबर 2024 मा प्रकाशित ऑक्सफोर्ड विश्वविद्यालयको सईद बिजनेस स्कूलको रिपोर्टलाई उधृत गर्दै श्री सोमनाथनले भन्नुभयो कि रिपोर्टमा प्रगतिलाई एक परिवर्तनकारी डिजिटल शासन मंचको रूपमा दर्शाएको छ जसले शीर्ष स्तरमा जवाबदेहीलाई बलियो

बनेको छ अनि लामो समय देखि थाँतीमा रहेका बुनियादी ढांचा अनि सामाजिक क्षेत्रका परियोजनाहरुलाई गति प्रदान गरेको छ । श्री सोमनाथन यो प्रणाली दस बर्ष देखि लागू भएको श्री सोमनाथनले जानकारी दिनुभयो । हाम्रा संवाददाताले बताए अनुसार प्रगतिको उद्देश्य केंद्र अनि राज्य बीच समन्वयलाई असल बनाउनु हो ताकि समस्याहरु अनि बाधाहरुको सामना गरिरहेको महत्वपूर्ण ढांचागत परियोजनाहरुलाई गति पुग्न सकोस् ।

**वस्त्र उद्योग - पी.एल.आई. योजना**

सरकारले वस्त्र उद्योगको लागि उत्पादन-आधारित प्रोत्साहन -पी.एल.आई. योजना अन्तर्गत नयाँ आवेदन जमा गर्ने अंतिम तिथि 31 मार्च 2026 सम्म बढ़ाएको छ । वस्त्र मंत्रालयले भनेको छ कि गत वर्ष अगस्त महिनामा आवेदन पोर्टल फेरि खोलिए पछि वस्त्र कंपनिहरु द्वारा प्रस्ताव प्रस्तुत गर्ने महत्वपूर्ण प्रतिक्रियालाई ध्यानमा राख्दै यसो गरिएको हो । मंत्रालयले अझ भनेको छ कि यो निर्णयले देशको वस्त्र क्षेत्रमा निवेशकहरुको विश्वासलाई बढ़ाउद छ । यसको लक्ष्य पात्र आवेदकहरुलाई अतिरिक्त समय दिएर व्यापक भागीदारीलाई प्रोत्साहन दिनु हो ।

**कोलकाता एफआईआर**

चुनाव आयोगले मतदाता सूचीमा अनियमितता र फर्जी नामहरू समावेश गरेको आरोपमा पश्चिम बंगालका पाँच अधिकारीहरू विरुद्ध कडा कारबाही गर्ने निर्देशन दिएको छ। निर्वाचन आयोगले स्वत: संज्ञान लिदै जिल्ला मजिस्ट्रेटहरूलाई सम्बन्धित अधिकारीहरू विरुद्ध एफ.आई.आर दर्ता गर्ने निर्देशन दिएको छ। मतदाता नामावलीको विशेष गहन पुनरीक्षणको मतगणना चरणमा यी अधिकारीहरू माथि मतदाता नामावलीमा फर्जी नाम थपेको आरोप लगाइएको थियो। यसअघि निर्वाचन आयोगले उनीहरुलाई निलम्बनमा राख्न आदेश दिएको अनि राज्यको मुख्य सचिवलाई उनीहरु विरुद्ध एफआईआर दर्ता गर्ने निर्देश दिएको थियो । तर, निलम्बन गरिएता पनि राज्य सरकारले कुनै एफआईआर दर्ता गरेन । यस पछि निर्वाचन आयोगले स्वतः संज्ञान लिदै जिल्ला मजिस्ट्रेटहरुलाई सम्बंधित अधिकारी विरुद्ध एफआईआर दर्ता गर्ने निर्देश जारी गरेको छ ।

**दिल्ली शब्दोत्सव 2026**

दिल्ली शब्दोत्सव 2026 को शुभारंभ हिज देखि मेजर ध्यानचंद नेशनल स्टेडियममा भएको छ ।तीन दिवसीय यस सांस्कृतिक उत्सवमा साहित्य, कला अनि विचार-विमर्शको उत्कृस्ट संगम देखिनेछ । उत्सवको उद्घाटन दिल्ली की मुख्यमंत्री रेखा गुप्ताले गर्नु भएको थियो । यस अवसरमा केंद्रीय राज्य मंत्री हर्ष मल्होत्रा अनि दिल्लीको कला तथा संस्कृति मंत्री कपिल मिश्राको पनि उपस्थिती रहेको थियो । लेखकहरु, छात्र- छात्राहरु , विद्वानहरु , कलाकारहरु अनि नागरिकहरुले कार्यक्रममा भाग लिए । यस अवसरमा मुख्यमंत्री गुप्ताले यस उत्सवले भारतको अतीत, वर्तमान अनि भविष्यको साथ संवादलाई दर्शाउने बताउनु भयो ।

**सीएक्यूएम-ग्रैप चरण 3**

वायु गुणवत्ता प्रबंधन आयोगले राष्ट्रीय राजधानी क्षेत्र अनि छेउ-छाउका क्षेत्रहरुमा ग्रैपको तेस्रो चरणलाई फिर्ता लिएको छ । यसले निजी निर्माण अनि तोड़ फोड़ गतिविधिहरु , खनन तथा संबंधित कार्यहरुलाई तत्काल प्रभाव द्वारा पुनः शुरू गर्ने अनुमति प्राप्त भएको छ । पुरानो **बीएस-3 पेट्रोल अनि बीएस-4 डीजल** वाहनहरु माथि लगाईएको प्रतिबंध तथा तेस्रो चरण अंतर्गत वाहनहरु माथि लगाईएको सबै प्रतिबंध पनि हटाईएको छ ,यद्धपि ग्रैपको दोस्रो अनि पहिलो चरण अतंर्गत प्रतिबंध जारी रहनेछ । सरकारले मानिसहरुसित यी चरणहरुको प्रतिबंधहरुलाई कठोरता सित पालन गर्ने आग्रह गरेको छ ताकि वायु प्रदूषण फेरि नबढोस् अनि हावाको गुणवत्तामा अधिक सुधार हुन सकोस् । दिल्लीको औसत वायु गुणवत्ता सूचकांक-**ए.क्यू.आई.** मा हिज बिहान देखि लगातार सुधार भैरहेको छ ।दिल्ली-एनसीआर को समग्र वायु गुणवत्ता मापदंडहरुको व्यापक समीक्षा गर्दै उप-समितिले भनेको छ कि तिब्र हावा अनि अनुकूल मौसमको स्थितिको कारण वायु गुणवत्तामा उल्लेखनीय सुधार भएको छ ।

**ड्रग्स - भारत-पाकिस्तान सीमा**

राजस्थान पुलिसले आज श्री गंगानगरमा तस्करी भइरहेको लगभग 20 करोड़ रुपिया मूल्यको हेरोइन जफत गरेको छ

। पुलिसले तीन तस्करलाई पक्राउ गरेकोछ। श्री गंगानगरको पुलिस अधीक्षक अमृता दुहानले बताउनु भयो हेरोइनको खेप पाकिस्तानबाट ड्रोन मार्फत पठाइएको थियो जो त्यसै स्थानमा दुर्घटनाग्रस्त भयो जहां ड्रग्स खसालिएको थियो ।हिज रति, पुलिसले गश्ती अवधि तीन युवकलाई संदिग्ध गतिविधि गरिरहेको देखेपछि तलाशी लिएको थियो | यस अवधि पुलिसले तीनवटा पैकेटमा रहेको 4 किलो 88 ग्राम हेरोइन अनि एक डीजेआई ड्रोन जफत गरयो। आरोपिहरु विरुद्ध एन.डी.पी.एस. अधिनियम अन्तर्गत मामिला दर्ता गरिएको छ।

**बांग्लादेश - मार्च**

बांग्लादेशमा, इंकलाब मंचले शहीद शरीफ उस्मान बिन हादीको हत्याको लागि न्यायको मांग गर्दै हिज देखि मंगलवार सम्म 'न्याय के लिए मार्च' को घोषणा गरेकोछ। शरीफ उस्मान हादी, **इंकलाब मंचो का** संयोजक तथा पछिलो वर्ष जुलाई विद्रोह को प्रमुख व्यक्ति मध्ये एक थिए। 12 दिसंबरमा ढाकाको बिजोयनगर क्षेत्रमा हादीको गोली हानेर हत्या गरिएको थियो ।संगठनका सदस्यहरुले न्यायको लागि सरकार, राजनीतिक दल अनि मानिसहरु सित संपर्क गर्नेछ अनि समर्थन माग्ने भएको छ। हत्यामा शामिल व्यक्तिहरुलाई चिन्हित गरि 7 जनवरी सम्म आरोप पत्र दर्ता गर्ने मांग पनि संगठनले गरेको छ| यदि उनीहरुको मांग पूरा नभए अंतिम चरणमा विरोध प्रदर्शन गर्ने पनि चेतावनी दिईएको छ ।

**नेपाल सेना - चुनाव**

नेपाल सेनाले यसै बर्ष 5 मार्चमा सम्पन्न हुने आम चुनावको लागी लगभग 80 हजार सैनिक तैनात गरिने बताएको छ। सेनाका एक वरिष्ठ अधिकारीले यो जानकारी दिनु भएको हो। नेपाल सेनाका प्रवक्ता ब्रिगेडियर जनरल राजाराम बसनेतले कुल बलको 90 प्रतिशत भन्दा अधिक, आम चुनाव अवधि सुरक्षा प्रदान गर्न तैनात गरिने बताउनु भयो। राष्ट्रपति रामचंद्र पौडेलले संसदीय चुनावको लागि सेना तैनात गर्ने सरकारको सिफारिशलाई पहिले बाट नै मंजूरी दिनु भएको छ।

**श्रीलंका- भारतीय मछुआरे**

श्रीलंका नौसेनाले 11 भारतीय जालहारीहरुलाई कथित रुपमा माछा पक्रिएको आरोपमा पक्राउ गरेकोछ। श्रीलंका नौसेनाका प्रवक्ता कमांडर बुद्धिका संपथले बताए अनुसार जालहारीहरुलाई हिज अबेर राती उत्तरी प्रांतको कंकेसंथुरईको उत्तरमा पक्राउ गरेको थियो।

**मौसम-चेतावनी**

देशको उत्तरी भागहरुमा ठण्डा अनि कुहिरोको प्रकोप जारी छ। मौसम विभागले आज दिल्ली, हरियाणा, पंजाब अनि चंडीगढ़मा बाक्लो कुहिरो लागिरहने रेड अलर्ट जारी गरेको छ। हिमाचल प्रदेश अनि उत्तराखंडको केही क्षेत्रहरुमा शीतलहर चल्ने अनुमान छ। पूर्वी उत्तर प्रदेश, हिमाचल प्रदेश अनि बिहारको केहि भागहरुमा सोमवार सम्म ठण्डा जारी रहनेछ।

**क्रिकेट- अंडर-19**

भारतको पुरूष अंडर-19 क्रिकेट टीमले तीन एकदिवसीय क्रिकेट म्याचहरुको श्रृंखलाको पहिलो म्याचमा आज बेनोनीको विलोमूर पार्कमा दक्षिण अफ्रीकासित भिड्नेछ।